# मेचीनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ईटाभट्ठा, झापा
कोशी प्रदेश, नेपाल

पत्रसंख्या नम्वरः२०८१/०८२
चलानी नम्वरः २८२९

मितिः २०८१-१०-१५

## शिलबन्दी दरभाउ आह्वानको सूचना

दोस्रो पटक प्रकाशित सुचना २०८१।१०।१५

ठेका नं.51 | Dog castration | Su | Mechi | 2081|082

मेचीनगर नगरपालिकाको आ.ब. २०८१।०८२ को बार्षिक स्वीकृत नगर विकास योजना अन्तरगत पशु विकास तर्फ सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम यस नगरपालिका क्षेत्र भित्र क्याम्पिङ गरि सन्चालनका लागि सूचीकृत सेवा प्रदायक संस्थाबाट प्रति इकाई दर विधिद्वारा सेवा खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त कम्पनी, फर्म, संस्था तथा आधिकारिक सेवा बिक्रेताहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रीतपूर्वक शिलबन्दी दरभाउ आह्वानको सूचना प्रकाशन गरिएको छ।

तपसिल :

| क्र.स | योजनाको नाम | लागत अनुमान रकम (मु .अ.कर सहित ) | शिलबन्दी दरभाउ दस्तुर (रु ) | शिलबन्दी दरभाउ जमानत रकम (रु ) | शिलबन्दी दरभाउ खरिद गर्ने अन्तिम समय | शिलबन्दी दरभाउ पेश गर्ने अन्तिम समय | शिलबन्दी दरभाउ खोल्ने मितीसमय | शिलबन्दी दरभाउको जमानतको अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | Dog castration/ Spaying Per dog with required medicine, technical resource and equipment | ८,५४,९९७.६६ | १००० | २२,००० | २०८१/१०/३० दिनको ५ :०० बजे | २०८१/११/०१ दिनको १२ :०० बजे। | २०८१/११/०१ दिनको ३:०० बजे। | ७५ दिन |

१. योग्यता पुगेको ईच्छुक शिलबन्दी दरभाउदाताहरुले तपशिलका खरिद कार्यका लागि मेचीनगर नगरपालिकाको नेपाल बैक लिमिटेड काँकडभिट्टा शाखामा रहेको खाता नं १०६०३००००००३०००००००००१ राजश्व शिर्षक नं १४२२९ मा शिलबन्दी दरभाउको दस्तुर रु १०००।० ( एक हजार) नगदै जम्मा गरि सिलबन्दी दरभाउ सम्बधि कागजात मेचीनगर नगरपालिकाको राजस्व शाखा बाट खरिद गर्नु पर्नेछ ।

२. शिलबन्दी दरभाउदाताहरुले शिलबन्दी दरभाउको दस्तुरको भौचर (पछि फिर्ता नहुने) गरि शिलबन्दी दरभाउ साथ पेश गर्नुपर्नेछ।

फोनः ०२३-५६२०७७, ५६२१२, ५६२२३३, ५६२४३७ वारूण यन्त्र (दमकल) ०२३-५६२५० Website: mechinagarmun.gov.np Email: mechinagarmun@gmail.com

दीपेन्द्र कार्की
आर्थिक विकास शाखा प्रमुख

पत्रसंख्या नम्वरः२०८१/०८२
चलानी नम्वरः

मितिः २०८१-१०-१५

३ शिलबन्दी दरभाउ पेश गर्दा चालु आ.ब.०८१।०८२ का लागि नविकरण भएको ब्यावसाय इजाजत पत्र, स्थाइ लेखा नं, मू.अ. कर दर्ता प्रमाण पत्र, आ.ब. ०८०।०८१ को करचुक्ता प्रमाणपत्र समेत संलग्न गर्नुपर्नेछ।

४. शिलबन्दी दरभाउ मिति २०८१।११।०१ गते दिनको ३ बजे शिलबन्दी दरभाउदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा नगरपालिकाको कार्यालयमा खोलिनेछ। शिलबन्दी दरभाउदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थित नभएमा समेत शिलबन्दी खाम खोल्न बाधा पर्ने छैन।

५. शिलबन्दी दरभाउ जमानत वापतको रकम मेचीनगर नगरपालिकाको नाममा नेपाल बैक लिमिटेड, काँकडभिटा झापा शाखामा रहेको धरौटी खाता नं १०६०३०००००३००००००००१ मा नगदै जम्मा गरेको सक्कल कपि वा कम्तिमा ७५ दिन म्याद भएको ( शिलबन्दी दरभाउ बुझाउने अन्तिम मिति देखि) नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बाणिज्य बैकबाट जारी गरिएको शिलबन्दी दरभाउ जमानत संलग्न गर्नुपर्नेछ।

६. शिलबन्दी दरभाउ भर्दा प्रति ईकाइ मूल्य भर्नुपर्नेछ। औषधि तर्फ WHO GMP Certified Company तथा पशुपन्छी औषधि व्यवस्था विभागमा दर्ता भएको औषधि तथा फर्म हुनु पर्ने एवं औजार उपकरणको हकमा मापदण्ड बमोजिम हुनुपर्नेछ।

७. शिलबन्दी मुल्याङ्कन गर्दा शिलबन्दी दाताको प्रति इकाई कवोल गरेको सवैभन्दा न्यूनतम मुल्याङ्कित तथा सारभुत रुपमा प्रभावग्राहि शिलबन्दी दाताको प्रति इकाई को दररेट स्वीकृत गरिनेछ।

८. शिलबन्दी दरभाउ स्वीकृत गर्ने वा नगर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

९. शिलबन्दी दरभाउ स्विकृत भएको फर्म वा सेवाप्रदायकले कार्यक्रम अनुसार कार्यक्रमहरु सन्चालनका लागि सम्झौता अनुसार खरिद आदेश वा कार्यादेश पाएको मितिले ३० दिन र ढिलोमा ४५ दिन भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ अन्यथा कार्यालयले अन्य आपूर्तिकर्ता वा सेवाप्रदायक संग सम्झौता गरि सेवा खरिद गर्न सक्नेछ।

१०. सेवा खरिद कार्यमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र ब्यावसाय सम्बन्धि कसूरमा सजाय नपाएको भन्ने स्वघोषणा शिलबन्दी दरभाउ साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

११. शिलबन्दी दरभाउ खोल्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजानिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा शिलबन्दी दरभाउ खोलिनेछ।

१२. औषधि वा औषधिजन्य अन्य जैविकिहरु आपुर्ति/प्रयोग गर्दा उक्त पदार्थहरुको म्याद समाप्ति मिति कम्तिमा १ बर्ष भएको हुनु पर्नेछ।



दीपेन्द्र कार्की
आर्थिक विकास शाखा प्रमुख

# मेचीनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल


पत्रसंख्या नम्बरः २०८१/०८२
चलानी नम्बरः

मितिः २०८१-१०-२५

१३. कार्यक्रमका लागि प्रयोग हुने र भएका औषधि, जैविकि तथा अन्य रसायनहरुको गुणस्तरमा कार्यालय वा कार्यालयको अनुगमन प्रतिनिधिहरुले कुनै शंका लागेमा वा देखिएमा उक्त पदार्थहरुको प्रयोगमा रोक लगाइनेछ र गुणस्तर परिक्षण स्वयंमले आफ्नो खर्चमा गर्नुपर्नेछ ।आपुर्ति गरिएको औषधि तथा अन्य पदार्थको लेवल प्रस्ट देखिने हुनु पर्नेछ।

१४. शिलबन्दी दरभाउ मा सहभागि हुने सिलबन्दी दरभाउ दाताहरुले अनिबार्य रुपमा खटिने परिषदमा दर्तावाल पशु चिकित्सक /सर्जन सहितको सम्पूर्ण प्राविधिक टिमको प्रमाणपत्रहरु लगायत कम्तिमा एक पटक कुकुरको बन्ध्याकरण अभियान संस्थाको व्यवस्थापनमा सम्पन्न गरेको कार्य अनुभवको प्रमाण पेश गर्नुपर्नेछ। साथै संस्थामा खटिने प्राविधिक कर्मचारीहरुको नियुक्तिको प्रकृया तथा अनुबन्धनको बारेमा समेत खुलाउनु पर्नेछ।

१५. स्वीकृत शिलबन्दी दरभाउ बमोजिमको दररेट आ.ब २०८१/०८२ भरि कायम रहनेछ।

१६. आपुर्तिकर्ता फर्म वा संस्थाले उक्त कार्य गर्दा प्रयोग गरेका औषधि र अन्य पदार्थहरुको गुणस्तर परिक्षण गर्नु परे वा गर्दा सम्झौतामा उल्लेखित स्पेशिफिकेशन तथा गुणस्तर बमोजिम नभएमा सम्झौता रद्ध गरिनेछ।

१७. शर्तहरुको रीत नपुगेको तथा म्याद नाघि आएको सिलबन्दी दरभाउ उपर कुनै कारवाही हुने छैन । एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी दरभाउ अर्को फर्मको नामबाट पेश गर्न पाइने छैन।

१८. शिलबन्दी दरभाउ दाताहरुले प्रति गोटा माथि उल्लेखित कार्य गर्नेगरिको कबोल रकम शिलबन्दी दरभाउ खरिद गर्दा उपलब्ध गराईने प्रमाणित बि .ओ.क्यु (BoQ) मा भरि दरभाउ दाताको छाप र अधिकारिक व्यक्तिको छाप लगाई शिलबन्दी दरभाउसाथ् खामबन्दि गरि पेश गर्नु पर्नेछ ।

१९. यस सूचनामा उल्लेख हुन छुट अन्य विषयहरुको हकमा सार्वजानिक खरिद एन २०६३ (संशोधन सहित) र सार्वजानिक खरिद नियामावलि २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ।

२०. बन्ध्याकरण गरिने कुकुरको संख्या थप भएमा स्वीकृत दर रेटमा बन्ध्याकरण गर्नु पर्ने छ ।

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

दीपेन्द्र कार्की
आर्थिक विकास शाखा प्रमुख

दीपेन्द्र कार्की
आर्थिक विकास शाखा प्रमुख
मेचीनगर नगरपालिका

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकिय अधिकृत
मेचिनगर नगरपालिका


फोनः ०२३-५६२०७७, ५६२१२, ५६२२३३, ५६२४३७ वारूण यन्त्र (दमकल) ०२३-५६२५०४
Website: mechinagarmun.gov.np Email: mechinagarmun@gmail.com